नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(पर्वतारोहण शाखा)

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८, ४२५६२३२, ४२५६२३१
महानिर्देशक :- ४२२७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं।

पत्र संख्याः-०८०/८१
च नं. :-

**सगरमाथा हिमालचुलीको शिखरसम्म हिमाली बाटो निर्माण (Route Fixing) गर्ने कार्य सम्पन्न भएको बारे**

## प्रेस विज्ञप्ति

पर्यटन विभागको सगरमाथा आधार शिविरमा अवस्थित फिल्ड कार्यालयका प्रमुख श्री खिमलाल गौतमबाट प्राप्त जानकारी अनुसार आज मिति २०८१ साल बैशाख २८ गते (तद् अनुसार १० मे २०२४) बेलुका ८ बजेर १५ मिनेटमा सगरमाथा हिमालचुलीको शिखरसम्म हिमाली बाटो निर्माण (Route Fixing) गर्ने काम सम्पन्न भएको छ। टोली नेता दोलखा निबासी श्री डेन्डी शेर्पा उर्फ मिङ्मार धोन्डुपको नेतृत्वमा रोप फिक्सिङ टोलीमा संलग्न दश (१०) जना आरोहीहरूको अथक प्रयासले सर्वोच्च चुलीको टुप्पोसम्मको बाटो निर्माणको कार्यमा सफलता प्राप्त भएको हो। आज विहान ५ बजेबाट सगरमाथाको चौथो शिविरवाट रुट फिक्सिङ टोलीले बाटो निर्माण कार्य सुरू गरेको थियो।

बाटो निर्माणसँगै सर्वोच्च शिखर सगरमाथाका लागि अनुमतिप्राप्त स्वदेशी तथा विदेशी पर्वतारोहीहरूका लागि आरोहणको बाटो खुलेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णयानुसार सन् २०२४ को बसन्त ऋतुमा सगरमाथा हिमालचुलीको दोस्रो सिविरदेखि चुचुरोसम्म हिमाली बाटो निर्माण (Route Fixing) गर्न पर्यटन विभागबाट पर्वतारोहण सञ्चालक संघलाई जिम्मेवारी प्रदान गरिएकोमा उक्त संघबाट छनौट भई Seven Summit Treks Pvt. Ltd. ले दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो निर्माण गर्ने जिम्मा पाएको थियो।

सेभेन समिट प्रा.लि. का फिल्ड मेनेजर टेन्डी शेर्पाले सगरमाथाको बाटो खोल्ने टोलीलाई आधार शिविरवाट संयोजन गर्नुभएको थियो। बाटो खोल्ने कार्यमा तपसिल बमोजिमका आरोहीहरू सहभागिता थिए।

तपसिलः

1. Dendi Sherpa (Mingmar Dhondup) Team leader, Dolakha (मिङ्मार धोन्डुप भनिने डेन्डी शेर्पा, दोलखा टोली प्रमुख)
2. Tenjing Gyaljen Sherpa, Solukhumbu (तेन्जिङ ग्याल्जेन शेर्पा, सोलुखुम्बु)
3. Pemba Tashi Sherpa, Sankhuwasabha (पेम्बा टासी शेर्पा, शंखुवासभा)
4. Lakpa Sherpa, Sankhuwasabha (लाक्पा शेर्पा, संखुवासभा)
5. Dawa Rinjee Sherpa, Sankhuwasabha (दावा रिन्जे शेर्पा, संखुवासभा)
6. Dawa Sherpa, (दावा शेर्पा, संखुवासभा)
7. Pam Dorji Sherpa, Solukhumbu (पाम दोर्जी शेर्पा, सोलुखुम्बु)
8. Suk Bahadur Tamang, Sankhuwasabha (सुक बहादुर तामाङ, संखुवासभा)
9. Namgyal Dorjee Tamang, Solukhumbu (नामग्याल दोर्जे तामाङ, सोलुखुम्बु)
10. Lakpa Rinjee Sherpa, Sankhuwasabha (लाक्पा रिन्जी शेर्पा, संखुवासभा)

२०८१/०१/२८

(चुन बहादुर तामाङ)
शाखा अधिकृत

विक्रम सम्वत २०८१ वैशाख २८ गते शुक्रबार
नेपाल सम्वत ११४४ बछलाथ्व तृतीया शुक्रबार



CS Scanned with CamScanner